श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. १२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपतपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

### लेखा परिक्षणको सम्बन्धमा महालेखा परिक्षकको अरू थप केही कर्तव्य र अधिकारहरूको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: लेखा परीक्षणको सम्बन्धमा नेपाल अधिराज्यको संविधानको धारा ६२ अनुसार महालेखा परीक्षकको अरू थप केही कर्तव्य र अधिकारहरूको व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "लेखा परीक्षण ऐन, २०१८ रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "सरकारी अफिस" भन्नाले मन्त्रिपरिषद्, महासभाको सचिव, प्रतिनिधिसभाको सचिव, सर्वोच्च अदालत र सो मातहतका अड्डा–अदालत, लोकसेवा आयोग, निर्वाचन आयोगको अफिस लगायत सबै सरकारी मन्त्रालय, विभाग, र अड्डा, अदालत, समिति, आयोग, विदेशस्थित शाही राजदूतावास, शाही कन्सल जनरलको अफिसलाईसमेत जनाउंछ ।

(ख) "लेखा" भन्नाले स्याहा, स्रेस्ता, हिसाब र तत्सम्बन्धी कागजपत्रहरूलाईसमेत जनाउंछ ।

(ग) "परीक्षण" भन्नाले जांचलाई जनाउंछ ।

३. अफिसर र कर्मचारीहरूको नियुक्ति र सेवाका अन्य शर्तहरू: (१) महालेखा परीक्षकको कर्तव्य पालनमा मद्दतको लागि समय समयमा श्री ५ को सरकारको स्वीकृति बमोजिम अफिसर र कर्मचारीहरू रहनेछन् ।

(२) महालेखा परीक्षकको विभागका अफिसर र कर्मचारीहरूको एउटा छुट्टै सेवा को गठन हुनेछ, सो सेवामा रहने अफिसर र कर्मचारीहरूको नियुक्ति सेवाका अन्य शर्तहरू यो ऐन अन्तर्गत बन्ने नियमहरूमा तोकिए बमोजिम हुनेछ।

(३) अफिसर र कर्मचारीहरूले महालेखा परीक्षकका निर्देशानुसार काम गर्नेछन्।

तर श्री ५ महाराजाधिराजमा रिपोर्ट चढाउने काम महालेखा परीक्षकले गर्नेछ।

४. लेखा परीक्षण सम्बन्धी महालेखा परीक्षकको अधिकारः (१) एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखा परीक्षणको तरीका क्षेत्र र अवधि तोकी सबै सरकारी अफिसले गरेका आर्थिक व्यवहार, त्यसको लेखाबारे प्राप्त भएका तथ्यहरू दर्शाउने, त्यसमा, आलोचना गर्ने र रिपोर्ट गर्ने एकाधिकार महालेखा परीक्षकलाई हुनेछ।

(२) अरू प्रचलित नेपाल कानूनमा कुनै सरकारी अफिसको लेखाको परीक्षण एकाउण्टेंट वा एकाउण्टेण्ट जनरल वा अडिटरले गर्ने गरी लेखिएकोमा एकाउण्टेंट वा एकाउण्टेण्ट जरनल वा अडिटरले अघि पछि लेखा परीक्षण गरे तापनि अन्तिम लेखा परीक्षण गरी श्री ५ महाराजाधिराजमा रिपोर्ट चढाउने कर्तव्य र अधिकार महालेखा परीक्षकमा रहनेछ।

५. परीक्षण गर्ने कुराहरूः महालेखा परीक्षकले देहायका कुराहरूको परीक्षण गर्नुपर्छः—

(क) विनियोजन ऐन बमोजिम विभिन्न शीर्षकहरू अन्तर्गत सबै खर्च गर्न स्वीकृत भएका रकमहरू सोही शीर्षक अन्तर्गत सोही प्रयोजनको निमित्त खर्च गरिएको छ छैन,

(ख) खण्ड (क) बमोजिम खर्च गर्न स्वीकृत भएको रकमभन्दा बढी खर्च भएको छ छैन,

(ग) खण्ड (क) बमोजिम खर्च गर्न स्वीकृत भएको शीर्षक अन्तर्गत खर्च भएका कलमहरूमा खर्च भएको प्रमाण यथेष्ट छ छैन र यस्ता कलमहरू विनियोजन ऐनमा तोकिएको अवधिभित्र सोही ऐन वा बजेटमा स्वीकृत भए बमोजिम छ छैन,

(घ) खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी पर्याप्त आर्थिक व्यवस्था छ छैन, आर्थिक नियम तथा नियन्त्रण पर्याप्त छ छैन र ती कुराहरूको अनुशरण गरिएको छ छैन,

(ङ) राजस्व तथा अरू समस्त आम्दानी, उब्राती, धरौटीसमेतको लेखा ठीक छ छैन र मूल्यांकन गर्ने, असूल तहसील गर्ने र लेखा राख्ने

तरीकाहरूको सम्बन्धमा सुप्रबन्ध र पर्याप्त नियमहरू छन्, छैनन्; भए तिनीहरूको पालन गरिएको छ छैन,

(च) सरकारी ऋण, डिपोजिट, पेश्की, उच्चाती तथा ब्याज र ऋण निवारण कोषको लेखा वा ब्याज र ऋण विमोचनको निमित्त पर सारिएका रकम, ब्याज र ऋण विमोचन गरिएको रकमहरूको लेखा, र श्री ५ को सरकारको निर्णयानुसार गरिएको खरीद–बिक्री, औद्योगिक तथा व्यवसायिक सेवाका कामहरूको आम्दानी खर्चको लेखा जिन्सी नगदीको मौजदात तथा आर्थिक व्यवहारको निमित्त पर्याप्त व्यवस्था र नियमहरू छन् छैनन्, भए तिनीहरूको पालन गरिएको छ छैन, र

(छ) सरकारी भण्डार, गोदाम र तहबीलको मौज्दात ठीक छ छैन।

६. महालेखा परीक्षकले औचित्यको दृष्टिकोणबाट परीक्षण गर्ने कुराहरू:– देहायका कुराहरूको सम्बन्धमा महालेखा परीक्षकले औचित्यको विचार गरी परीक्षण गर्नेछ:–

(क) निकासा अनुसार खर्च गरेको भए तापनि बेमुनासिब तरीकाले वा चल अचल राष्ट्रिय धन बरबाद हुनेगरी खर्च भएको महालेखा परीक्षकले चित्तले देखेमा त्यस्तो खर्च र निकासाको सम्बन्धमा, र

(ख) चल अचल राष्ट्रिय धनको अनुदान वा राजस्वको अभि हस्तांकन वा खानी, जङ्गल, जल शक्ति आदिका सुविधा प्रदान सम्बन्धमा पट्टा, लाइसेन्स, अधिकार र कुनै अन्य प्रकारबाट राजस्व वा चल अचल राष्ट्रिय धन त्याग गर्ने गरी जारी गरिएको सबै निकासाहरूको सम्बन्धमा ।

७. श्री ५ महाराजाधिराजमा वार्षिक रिपोर्ट चढाउने: महालेखा परीक्षकले आफूले गरेको लेखा परीक्षणको नतिजाको वार्षिक रिपोर्ट आफ्नो आलोचना र सुझावसहित श्री ५ महाराजाधिराजमा चढाउनेछ ।

तर तत्काल कारवाइ गर्नुपर्ने चल अचल राष्ट्रिय धनको हानी नोक्सानी भएको वा हुने देखिएमा तत्सम्बन्धमा निजले जुनसुकै बेलामा पनि रिपोर्ट चढाउन सक्नेछ ।

८. स्वशासित संस्थाहरूको लेखा परीक्षण गर्ने: (१) सञ्चित कोष वा सरकारी ऋण कोषबाट शेयर खरीद भैराखेका वा ऋण दिइराखेको वा श्री ५ को सरकारले प्रचलित नेपाल कानून बमोजिम सञ्चालक समितिको एक वा एकभन्दा बढी सञ्चालक मुकरर गर्न पाउने भैराखेको वा लेखा परीक्षक ( अडिटर ) मुकरर गर्न पाउने

भैराखेको कुनै स्वशासित संस्थाको लेखा, नगदी जिन्सीको मौज्दात र तत्सम्बन्धी कागजातहरू महालेखा परीक्षकबाट जंचाउने श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेमा सो बमोजिम गर्नु महालेखा परीक्षकको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम महालेखा परीक्षकले कुनै स्वशासित संस्थाको लेखा परीक्षण गर्दा सो संस्थाबाट पाउने दस्तूर बारेको व्यवस्था यो ऐन अन्तर्गत बन्ने नियममा तोकिए बमोजिम हुनेछ । X

९. नेपाल अधिराज्यको संविधान लागू हुनुभन्दा अघिको लेखा परीक्षणः— नेपाल अधिराज्यको संविधान लागू हुनुभन्दा अघिको विकास कोष वा संयुक्त कोष सम्बन्धी लेखा परीक्षण हुन बांकी लेखाको परीक्षण महालेखा परीक्षकले गर्नेछ ।

१०. लेखा परीक्षण सम्बन्धी निर्देश दिने र नियम बनाउने अधिकारः- (१) नेपाल अधिराज्यको संविधान वा प्रचलित नेपाल कानूनको अधीनमा रही महालेखा परीक्षकले लेखा सम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि समय समयमा निर्देश दिन सक्नेछ ।

(२) यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि आवश्यक नियमहरू महालेखा परीक्षकले बनाउन सक्नेछ तर श्री ५ महाराजाधिराजबाट स्वीकृति प्राप्त नगरी ती नियमहरू लागू हुनेछैनन् ।

११. शाही विशेषाधिकारको संरक्षणः— यो ऐनमा लेखिएको कुनै कुराले पनि श्री ५ महाराजाधिराजको कार्यकारिणी सम्बन्धी विशेषाधिकारलाई लुप्त गर्ने सीमित गर्ने वा घटाउने छैन ।

१२. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५(४) अनुसार यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानिई यो ऐन अन्तर्गत भए गरेका काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

लालमोहर सदर मिति २०१८।४।५।५।मा)

आज्ञाले—
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय ।